# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
२०७३

बागमती प्रदेश, नेपाल

प.सख्या : २०७९/०८०
चलानी नं.: २६८४

मिति : २०८०/०१/२१

**विषय : निवेदन तथा गुनासो उपर को विवरण जानकारी सम्बन्धमा ।**

निवेदक श्री मदन श्रेष्ठ सिद्धलेक गाउपालिका ६ धादिङ ।
सरोकार सवै सिद्धलेक गाउपालिकावासी स्थानीय नागरिकहरु ।

प्रस्तुत विषय सम्बन्धमा तपाइले मिति २०८०।०१।१९ मा दर्ता गरेको निवेदन र सो को विषय सिद्धलेक गाउपालिकाले लिएको हलुका सवारी चालक पदको प्रयोगात्मक परिक्षा सग सम्बन्धीत भनि सामाजिक सञ्जालमा आएको भिडियो तथा टिकाटिप्पणी सम्बन्धमा जिम्मेवार कर्मचारी प्र.स.नि.श्री दिपक मैनाली बुङचुङ प्रहरी चौकी धादिङ र सवारीचालक श्री धन वहादुर गुरुङ सिद्धलेक गाउपालिका धादिङ २ जना लाई कार्यलयको मिति २०८०।०१।२१ को च.न.. को पत्र मार्फत सत्यतथ्य विवरण माग गरीएकोमा निजहरु वाट आजै पेश भएको लिखित प्रर्तिवेदन तथा सो सग सम्बन्धीत विवरण अध्यन गर्दा निवेदनमा लगाएको आरोप तथा टिकाटिप्पणी पुरै भुठा रहेको व्यहोरा प्राप्त हुन आएको हुदा सो को जानकारीको लागी विवरण तथा प्रर्तिवेदन यसै साथ संग्लग्न गरेको व्यहोरा समेत जानकारी गराउदछु ।

२०८०/०१/२१

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री प्रशासन शाखा सिद्धलेक गाउपालिका धादिङ ( जानकारी तथा अभिलेख सम्बन्धमा )
श्री सुचना प्रविधि शाखा सिद्धलेक गाउपालिका धादिङ ( वेभसाईटमा राखीदिनुहुन )

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु एंव करार पदपुर्ति समिति संयोजक ज्यु

सिद्धलेक गाउपालिका धादिङ

मिति २०८०।०१।२१

विषय : – सत्य तथ्य विवरण सहित प्रर्तिवेदन पेश गरेको सम्बन्धमा ।

श्रीमान समक्ष नम्र निवेदन गर्नाको कारण यो छकी सिद्धलेक गाउपालिकाको मिति २०८०।०१।२१ को च.न.२८ को पत्र तथा सिद्धलेक ६ निवासी मदन श्रेष्ठ ले दर्ता गरेको मिति २०८०।०१।१९ को छानविन गरीपाउ भन्ने निवेदन सम्बन्धमा, सिद्धलेक गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ पहिलो शंशोधन २०७९ समेतको आधारमा हालै सवारीचालक करार पद १ को लागी करार पदपुर्ति प्रकृया अर्न्तगत कार्यलय वाट १० अङ्क को प्रयोगात्मक परिक्षा अर्न्तगत निवेदक २ जना उमेदवारहरु कमश टेक वहादुर घले र मदन श्रेष्ठ सवारी चालकको ट्रायल परिक्षण गर्ने गरी हामी २ जना कर्मचारी लाई मिति २०८०।०१।०५ को अर्न्तवार्ता तथा सुचिकरण समितिको वैठकको निर्णय अनुसार जिम्मा दिए अनुसार हामीले मिति २०८०।०१।११ गते स्वतन्त्र र निश्पक्ष रुपमा आफ्नो भुमीका सामान्य प्रयोगात्मक परिक्षण हालको सिपको अभ्यास ( जसमा ट्राफिक नियम पालना, सिटवेल्ट,सडक लाईन,सवारी स्टार्ट, सवारी रोक्ने जस्ता पक्ष ) सम्पन्न गरी मुल्याङ्कन अङ्क सहित प्रर्तिवेदन वुझाई आफ्नो भुमीका निर्वाहा गरेको र भुमीका निर्वाहा गरे पश्चात सोही दिन भएको प्रयोगामक परिक्षा लिएको स्थान वाहेक अन्यत्र स्थानको मोटरसाईकलको सामान्य गल्ती सगै गाउपालिकाको सवारी सग हुन गएको सामान्य प्रकृर्तिको सवारी दुर्घटनाको विषयको भिडीयो रेकर्ड कोही कसैले गरी प्रयोगात्मक परिक्षा सग जोडी नतिजा प्रकाशन भए पश्चात आफु अनुकुल नतिजा नआए सगै ट्रायल असफल भएको व्यक्ती लाई पास गरेको भन्ने जस्ता आरोप लगाउनु, सामाजिक सञ्जालमा राख्नु केही सञ्चार जगतमा पठाई सोधखोज गर्नु जस्ता कार्य भएको साथै निश्पक्ष, र स्वतन्त्र रुपमा भएको परिक्षा मुल्याङ्कन लाई आफु अनुकुल भएन भनि गलत प्रचार गर्नु सरासर गल्ती तथा सतप्रर्तिसत झुठा भएको तर हामी मुल्याङ्कन कर्ता वाट कुनै गलत मुल्याङ्कन नभएको र सो भिडीयो तथा सामाजिक सञ्जालमा आएका असत्य तथा भ्रामक टिप्पणीहरु परिक्षा मुल्याङ्कन प्रयोगात्मक परिक्षण भएको स्थान र समय दुवै विषय सग मेल नखाने असम्वन्धीत निराधार आरोप मात्र भएको व्यहोरा अनुरोध गदै निवेदकको निवेदन तथा गाउपालिकाको पत्रमार्फत माग भए अनुसारको सत्यतथ्य विवरण तथा प्रर्तिवेदन पेश गरेका छौ ।

**नोटः–** नेपाल सरकारको यातायात कार्यलय वाट लाईसेन्स प्राप्त गरेको जो कोही उमेदवार स्वतह प्रयोगात्मक परिक्षा पहिल्यै उर्तिण भएको हुन्छ । तथापी कार्यलय वाट लिईएको हालको प्रयोगात्मक परिक्षा निजको अभ्यासको वर्तमान परिक्षण मात्र हो । साथै हाल सिफारीस हुने उमेदवार टेक वहादुर घले विगत लामो समय देखी सवारी चालक भई काम गरेको अनुभव प्राप्त सवारी चालक रहेको साथै विगत ६ महिना देखी गाउपालिकामा दैनिक ज्यालादारी करार भई सवारीचालक कै रुपमा दिन रात निरन्तर रुपमा कार्यरत रहिरहेको व्यहोरा समेत अनुरोध गर्दछौ ।

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
दर्ता नं : ९६४६

निवेदक

प्र.स.नि.श्री दिपक मैनाली वुङचुङ प्रहरी चौकी धादिङ
सवारीचालक श्री धन वहादुर गुरुङ सिद्धलेक गाउपालिका धादिङ

# सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ
२०७३

बागमती प्रदेश, नेपाल

प.सङ्ख्या : २०७९/०८०
चलानी नं.: २६८४

मिति : २०८०/०१/२१

विषय : गुनासो तथा निवेदन उपर विवरण पेश गर्ने सम्बन्धमा ।

प्र.स.नि.श्री दिपक मैनाली वुङचुङ प्रहरी चौकी धादिङ
सवारीचालक श्री धन वहादुर गुरुङ सिद्धलेक गाउपालिका धादिङ

प्रस्तुत विषय सम्बन्धमा तपाईहरु २ जना लाई मिति २०८०।०१।११ गते हलुका सवारीचालक पदको करार पदपुर्ति गर्ने कममा आवेदक २ जना सवारीचालक कमश टेक वहादुर घले र मदन श्रेष्ठ को प्रयोगात्मक परिक्षा ( अभ्यास ) परिक्षणको जिम्मा दिएको र कार्यलय वाट परिक्षाको नतिजा प्रकाशन भए सगै सिद्धलेक ६ निवासी मदन श्रेष्ठ ले मिति २०८०।०१।१९ मा दर्ता गरेको गुनासो तथा निवेदन र सामाजीक सन्जालमा आएका टिकाटिप्पणी र भिडीयो सम्बन्धमा के भएको हो पछि सम्म फरक नपर्ने गरी सत्यतथ्य विवरण आजै पेश गर्नुहुन जानकारी गराउदछु ।

2080/01/29

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ .
श्री प्रशासन शाखा सिद्धलेक गाउपालिका धादिङ ( निजहरु वाट प्रतिवेदन तथा विवरण लिई यस कार्यालय लाई जानकारी गराउनुहुन )

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

श्री

२०८०।०१।१६

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सिद्लेक गाँउ पालिकाको कार्यालय बुङ्चुङ

विषय:- छानबिन गरी पाँउ भन्ने बारे।

महोदय,

प्रस्तुत सम्बन्धमा यस सिद्लेक गाँउ पालिकाद्वारा सवारी चालकको लागि गरिएको मिति २०७९।१२।१९ को विज्ञापन नं १ अनुसार लिएको परीक्षा (ट्रायल) सम्बन्धमा सामाजिक सञ्जालमा विभिन्न प्रकारका शंका उपशंका सिर्जना हुनेगरी टिका टिप्पणी भएकाले सो पदको सम्बन्धमा छानबिन गरी पाँउ भनी यो निवेदन पेश गर्दछु।

निवेदक
(MS)
मदन श्रेष्ठ
सिद्लेक - ६

श्री प्रशासन
प्रमुख प्र० प्र० अ० ज्यू समक्ष पेश गर्ने।
२०८०।१।१५

सिद्लेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
दर्ता नं : ९६३६
दर्ता मिति : ०८०।०१।१५
हस्ताक्षर :

# कांग्रेसले तनहुँमा भट्टराई र चितवनमा श्रेष्ठ उम्मेदवार

काठमाडौं । नेपाली कांग्रेसले आगामी वैशाख १० मा हुने लागेको प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनमा तनहुँ क्षेत्र नं १ मा नेता गोविन्द भट्टराई र चितवन क्षेत्र नं २ मा नेता जीतनारायण श्रेष्ठलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा बिहीबार बिहान बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले सो क्षेत्रमा केन्द्रीय सदस्य भट्टराई र पूर्वजिल्ला सभापति श्रेष्ठलाई उम्मेदवार बनाउने निर्णय गरेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । बारा क्षेत्र नं २ मा कसलाई उम्मेदवार बनाउने भन्ने निर्णय पछि गरिने जनाइएको छ । तनहुँ १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित रामचन्द्र पौडेल राष्ट्रपति भएपछि र बारा २ बाट निर्वाचित रामसहायप्रसाद यादव उपराष्ट्रपति भएपछि सो स्थान रिक्त भएको हो । यसैगरी चितवन-२ बाट निर्वाचित रवि लामिछाने नागरिकताको विवादमा परेपछि सो स्थान रिक्त भएको हो । निर्वाचन आयोग नेपालले तीन वटै निर्वाचन क्षेत्रमा वैशाख १० गते उपनिर्वाचन गर्ने तयारी गरेको छ ।

# रासायनिक मल कारखाना स्थापना गर्न माग

काठमाडौं । राष्ट्रियसभाको आजको बैठकमा मिटर ब्याजपीडितको समस्या समाधान गर्न र पीडकलाई अपराधी घोषणा गर्दै फौजदारी अभियोगमा कारबाही गर्न माग गरिएको छ ।

राष्ट्रियसभाको बैठकमा विशेष समय लिएर सांसद मायाप्रसाद शर्माले मिटरब्याजको विषय सामन्ती राज्यप्रणालीको अवशेषका रुपमा रहेकाले त्यसलाई कानुनी र व्यावहारिक दुबै तवरले हल गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले मिटरब्याजीलाई कारबाही कहिले गर्ने भन्दै सरकारसँग प्रश्न गर्नुभयो ।

सांसद शर्माले केशर पुस्तकालयमा रहेका पुराना र महत्वपूर्ण पुस्तक संरक्षणमा सम्बद्ध निकायले ध्यान नदिएको भन्दै तत्काल समस्या समाधान गर्न माग गर्नुभयो। सांसद कमला पन्तले सहकारी संस्थाको ज्यादतीका कारण मानिसले अकालमा ज्यान फाल्नुपर्ने तथ्य प्रस्तुत गर्दै समस्या समाधानका लागि आग्रह गर्नुभयो ।

उहाँले मिटरब्याजीका कारण गरिब, निमुखा नागरिकको घरखेत गएको र जीवनयापनसमेत गर्न नसक्ने अवस्थामा पुगेको तथ्य पेस गर्नुभयो । उहाँले किसानलाई उत्पादन बढाउनका लागि मुलुकभित्रै रासायनिक मल कारखाना स्थापना गर्नुपर्ने माग दोहोऱ्याउनुभयो ।

सांसद शारदादेवी भट्टले मिटरब्याजमा लिएको ऋणको ब्याज तिर्दातिर्दा कहिल्यै नसकिने यो कस्तो अन्याय हो भन्ने प्रश्न गर्दै पीडितलाई राहत र पीडकलाई कारबाहीको माग गर्नुभयो । आफ्नो गुनासो र दुःख सुनाउन आएका गुनासो सुनिदिनुपर्ने उहाँको भनाइ छ।

# यस वर्ष हुने एसइई परीक्षाको तयारी पूरा

काठमाडौं । यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)को सम्पूर्ण तयारी पूरा भएको छ । आज बिहान ८ बजेदेखि देशभर एकैसाथ सुरु हुने राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिनुभयो ।

"परीक्षाको सबै तयारी पूरा भइसकेको छ, ७७ वटै जिल्लाका सबै जिम्मेवार निकायसँग अनलाइनमार्फत् बैठक सम्पन्न भएको छ", उहाँले भन्नुभयो, "परीक्षा शान्तिपूर्ण, मर्यादित र व्यवस्थित रुपमा सम्पन्न गराउन सबैमा आह्वान गर्दछौं ।"

उहाँले सबै परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष नियुक्ती, सुरक्षा व्यवस्था, जनशक्ति परिचालन, प्रश्नपत्र र उत्तर पुस्तिका पुर्याउनेलगायतका सबै काम सकिएको जानकारी दिनुभयो ।

एसइईका परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयको आयोजनामा सात प्रदेशका प्रदेश सरकारका शिक्षा हेर्ने मन्त्रालयका सचिवहरु, साती प्रदेशका शिक्षा विकास निर्देशनालयका निर्देशकहरु, ७७ वटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाईका प्रमुखहरु, राष्ट्रिय परीक्षा बोर्डका प्रदेश र शाखा कार्यालयका प्रमुखहरु, बोर्डका अध्यक्ष, सदस्य सचिव, परीक्षा नियन्त्रण, उपनियन्त्रक कर्मचारीलगायतको भर्चुअल बैठक सम्पन्न भएको बताउनुभयो । उहाँले प्रत्येक प्रदेशमा प्रदेश सचिवको अध्यक्षतामा गठन भएका प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले बोर्डको निर्देशनको परिधिभित्र रहेर प्रदेश भित्रका परीक्षा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्ने बताउनु भयो ।

त्यस्तै प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारी प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख सदस्य सचिव, जिल्लाका सुरक्षा निकायका प्रमुखहरुलगायत रहने गरी गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिले परीक्षा केन्द्रमा केन्द्राध्यक्ष नियुक्ती, सरोकारवालालाई प्रशिक्षण गर्ने, प्रश्नपत्र प्रहरी निकायसम्म पुऱ्याउने, उत्तरपुस्तिका परीक्षा केन्द्रसम्म पुऱ्याउने र आवश्यक समन्वय गर्ने कामसमेत पुरा भएको उहाँको भनाइ छ ।

एसइई परीक्षाका सहभागिता जनाउनका लागि यसवर्षका लागि परीक्षामा सहभागि हुन २०७८ मा कक्षा नौमा रजिस्ट्रेशन भर्ने विद्यार्थी पाँच लाख १६ हजार ५९१ जना रहे पनि कक्षा १० सम्म आइपुग्दा भने परीक्षाका लागि आवदेन दिनेमा कूल चार लाख ८४ हजार २२७ जनाले फारम भरेका थिए । परीक्षा नियन्त्रक श्रेष्ठका अनुसार कक्षा नौबाट १० मा आइँदा ३२ हजार ३६४ विद्यार्थी घटेको जानकारी दिनुभयो ।

परीक्षामा सबैभन्दा धेरै बागमती प्रदेशमा एक लाख छ हजार नौ सय ५९ विद्यार्थी र सबैभन्दा कम कर्णाली प्रदेशमा ४१ हजार तीन सय २९ परीक्षार्थी सहभागी हुँदैछन् । प्राविधिक धारतर्फ करिब १४ हजार विद्यार्थी परीक्षामा सहभागी हुनेछन् ।

# वाग्लेद्वारा कांग्रेस परित्याग

काठमाडौं । अर्थशास्त्री डा स्वर्णिम वाग्लेले नेपाली कांग्रेस पार्टी छाडेको घोषणा गर्नुभएको छ ।

सामाजिक सञ्जाल फेसबुकमा उहाँले भन्नुभएको छ, "वि.सं २०४२ को 'सत्याग्रह' र २०४६ को जनआन्दोलनदेखिको मेरो संलग्नता एवं ३० वर्षदेखिको पारिवारिक विरासत गाँसिएको नेपाली कांग्रेस पार्टीबाट अलग हुने निर्णय गरेको छु, त्यस पार्टीभित्र ३० वर्षदेखि परोक्ष र गत १० वर्षदेखि प्रत्यक्ष रूपमा आर्थिक नीति र योजना, बौद्धिक-सैद्धान्तिक विमर्श र प्रशिक्षण एवं अन्तर्राष्ट्रिय बैधताको विस्तारमा उल्लेख्य योगदान गरेँ ।" उहाँले सुशासनको जगमा स्वच्छ लोकतन्त्र र आर्थिक उन्नतिको एजेन्डा बोक्दै विसं २०८० को सुरुआतसँगै नयाँ सार्वजनिक भूमिकामा सक्रिय रहने बताउनुभएको छ ।

# कोकिनसहित महिला पक्राउ

काठमाडौं । रु १७ करोड मूल्य बराबरको भएको झण्डै आठ किलो कोकिनसहित दुई भारतीय महिलालाई प्रहरीले पक्राउ गरी अनुसन्धान थालेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भारत लैजान लागिएको उक्त परिमाणको कोकिन बरामद गरी भारत घर भएका भल्लालोमी र इस्वर ललिमपुईलाई पक्राउ गरिएको लागुऔषध नियन्त्रण ब्यूरोका प्रहरी उपरीक्षक चक्रराज जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार त्यसको अवैध बजार मूल्य अहिले रु १७ करोडभन्दा बढी छ ।

दुई जनाले फरकफरक झोलामा फरकफरक समयमा हवाइमार्ग हुँदै कोकिन निकासी गर्न लागेको पनि ब्यूरोले जानकारी गराएको छ । उनीहरूले लगेजमा फल्सबटम बनाएर अवैध लागुऔषध कोकिन भारत लैजान लागेका थिए । विमानस्थल सुरक्षा कार्यालय र लागुऔषध नियन्त्रण ब्यूरोको संयुक्त टोलीले इन्डिगो विमानबाट भारत जान लागेका बेला भाल्लालोमीको लगेज शङ्का लागि जाँच गर्दै क्रममा कोकिन फेला परेपछि विमानस्थलको प्रस्थान कक्षबाट उनलाई पक्राउ गरिएको हो ।

उनको लगेजभित्र चार वटा लेडिज ब्याग फेला परेको र ती ब्यागमा फल्सबटम बनाई भारतको नयाँ दिल्लीतर्फ तीन किलो कोकिन निकासी गर्न लागिएको फेला परेको थियो । उनको बयानका आधारमा ठमेलस्थित एक होटलमा अनुसन्धान गर्दा पाँच किलो कोकिनसहित ललिमपुईलाई पनि पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ ।

उनले पनि भारत निकासीका लागि तयारी


# सिद्धलेक गाउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## धुन्चुङ धादिङ
## बागमती प्रदेश नेपाल

### करार सेवामा कर्मचारी पदपुर्ती गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति :२०७९/१२/१७

यस सिद्धलेक गाउपालिकाको मिति २०७९/११/२९को कार्यपालिका निर्णय अनुसार तपशिलका पदमा गाउपालिकाले करारमा लिनुपर्ने भएको हुँदा गाउपालिकाको प्राविधिक तथा अप्राविधिक कर्मचारी करार सम्बन्धी कार्यविधि २०७५ को पहिलो संशोधन २०७९ समेतको आधारमा तपशिल बमोजिमको योग्यता पुगेका ब्यक्ती मार्फत रितपुर्वकको १५ दिने दरखास्त आह्वान गरिन्छ । पुनश्च यस अगाडी सूचना प्रकाशन भएका पदको हकमा सोही आवेदन लाई नै कायम गरिनेछ ।

| क्र.स. | करार हुने पद र तह | माग सख्या | फायल अध्ययन | प्रयोगात्मक तथा सिप परिक्षण | अन्तरवार्ता अङ्क | अन्तरवार्ता मिति समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | हलुका सवारी चालक (हलुका प्रथम तह ) | १(एक) | - | १० अङ्क | ३० अङ्क | फायल अध्ययन पश्चात सर्ट लिस्टीङमा छनौट भएका लाई ड्राईभिङ सिप परिक्षण तथा अर्न्तवार्ताको लागी गाउपालीकाको वेभसाईट सुचना मार्फत जानकारी गराईने |
| २ | कार्यलय सहयोगी (प्रथम तह ) | १(एक) | - | - | ३० अङ्क | अन्तरवार्ता मिति पछि तय गरी वेभसाईट सुचना मार्फत जानकारी गराईने |
| ३ | सिभिल ईन्जिनियर अधिकृत छैटौं | १(एक) | ८० अङ्क | - | ३० अङ्क | फायल अध्ययन पश्चात सर्ट लिस्टिङ मा छनौट भएकालाई अन्तरवार्ता मिति पछि तय गरी वेभ साईट सुचना मार्फत जानकारी गराईने । |
| ४ | अ.हे.व. | १(एक) | ८० अङ्क | - | ३० अङ्क | फायल अध्ययन पश्चात सर्ट लिस्टिङमा छनौट भएका लाई अन्तरवार्ता मिति पछि तय गरी वेभ साईट सुचना मार्फत जानकारी गराईने । |

नोटः फारम दस्तुर नियमानुसार सि.न. १ र २, को लागी रु ५००। सि.न. ३ को लागी रु १०००, ४ को लागी ७००। मात्र

फाराम पाईने स्थान सिद्धलेक गा.पा. कार्यालय धादिङ, उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको, तपशिलमा तोकीएका शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, र विभिन्न कार्य अनुभवको प्रमाणपत्र प्रतिलिपी पेश गर्नुपर्ने छ ।

आवश्यक न्युनतम योग्यता :

सि.न. १ को लागी : हलुका सवारी चालकको लागी नियमानुसारको तोकीयको योग्यता कक्षा ८ उर्तिण गरी हलुका सवारी चालकको लाईसेन्स लिएको (नोटः सोको अतिरिक्त स्वस्थ, दुईवर्ष भन्दा बढी अनुभवी,आखाको राम्रो दृष्टि शक्ति भएको स्थानिय ब्यक्तिलाई विषेश प्रायमिकता दिईने छ)

सि.न. २ को लागी : कार्यालय सहयोगी पदको लागी नियमानुसारको योग्यता कक्षा ८ उर्तिण भएको

(नोटः सोको अतिरिक्त स्वस्थ, स्थानीय ब्यक्ती, लाई विषेश प्राथमिकता दिईने छ)

सि.न.३ को लागी : नियमानुसार तोकीएको योग्यता अर्थात मान्यता प्राप्त शिक्षण सस्था बाट सिभल इ. विषयमा स्नातक उर्तिण गरेको ।

सि.न.४ को लागी : नियमानसार तोकीएको योग्यता उर्तिण गरेको ।

करार अवधि : कार्यालयको आवश्यकता अनुसार ।